| <u>संशोधन</u> | <u>स्वीकृत मिति</u> |
| --- | --- |
| पहिलो संशोधन, २०७० | २०७०/३/३० |

**सामुदायिक अध्ययन केन्द्र सञ्चालन एवम् व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन २०७० समेत) निर्देशिका, २०६२**

प्रस्तावना : शिक्षाको अवसरबाट बञ्चित भएका, गरिबीको चपेटामा परेका समुदायका विभिन्न व्यक्तिहरूको आवश्यकतामा आधारित कार्यक्रमहरू निर्माण गरी कार्यान्वयन गर्ने उद्देश्यले सामुदायिक अध्ययन केन्द्रहरू स्थापना एवम् सञ्चालन गर्न आवश्यक भएको हुनाले शिक्षा नियमावली, २०५९ को नियम १९२ ले दिएको अधिकार प्रयोग गरी शिक्षा मन्त्रालयले यो निर्देशिका जारी गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

(१) **संक्षिप्त नाम र प्रारम्भ :**

♦(१) यस निर्देशिकाको नाम "सामुदायिक अध्ययन केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी निर्देशिका" २०६२ (पहिलो संशोधन २०७० समेत) रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

(२) **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

♦(१) "सामुदायिक अध्ययन केन्द्र" भन्नाले स्थानीय समुदायका मानिसहरू मिलेर आफ्नो आवश्यकता पूरा गर्न स्थानीय स्तरमै सञ्चालन हुने गरी व्यवस्थापन गरिएको स्वायत्त, स्वशासित, अविच्छिन्न उत्तराधिकारवाला नाफारहित सामाजिक संस्था सम्झनुपर्छ ।

---

♦ पहिलो संशोधन २०७० बाट संशोधित

♣(२) ..........................................

(३) "मन्त्रालय" भन्नाले शिक्षा मन्त्रालय सम्झनुपर्छ ।

(४) "विभाग" भन्नाले शिक्षा विभाग सम्झनुपर्छ ।

(५) "केन्द्र" भन्नाले अनौपचारिक शिक्षा केन्द्र सम्झनुपर्छ ।

(६) "संस्था" भन्नाले प्रचलित कानुन बमोजिम स्थापना भएका सरकारी वा गैर सरकारी सङ्घ संस्था वा अन्तर्राष्ट्रिय सरकारी वा गैर सरकारी संस्था भन्ने सम्झनुपर्छ ।

(७) "संयुक्त राष्ट्र सङ्घ सम्बद्ध निकाय" भन्नाले संयुक्त राष्ट्र सङ्घसँग सम्बद्ध युनेस्को, युनिसेफ, विश्व खाद्य कार्यक्रम र यस्तै संयुक्त राष्ट्रसङ्घसँग नाम जोडिएका अन्य संस्था सम्झनुपर्छ ।

♦(८) "समुदाय" भन्नाले समाजको विकासमा क्रियाशील व्यक्तिहरूको समूह सम्झनुपर्दछ ।

(९) "स्थानीय निकाय" भन्नाले जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिलाई सम्झनुपर्दछ ।

(१०) "नगरपालिका" भन्नाले महानगरपालिका, उप-महानगरपालिका र नगरपालिकालाई समेत सम्झनुपर्छ ।

(११) "कार्यक्रम साझेदार संस्था वा निकाय" भन्नाले आफ्नो तर्फबाट समेत आर्थिक, प्राविधिक, मानवीय संशाधन एवम् संस्थागत संरचनाको उपयोग गरी सम्झौताअनुसारको सेवा पुऱ्याउने संस्था सम्झनुपर्छ ।

(१२) "सहयात्री संस्था" भन्नाले सहभागिताका आधारमा एक साथ मिलेर काम गर्ने संस्थालाई सम्झनुपर्छ ।

---

♣ पहिलो संशोधन २०७० बाट हटाइएको

♦ पहिलो संशोधन २०७० बाट संशोधित

(१३) “सहयोगी संस्था” भन्नाले सहयोगी भावनाले आपसी सम्झौताको आधारमा काम गर्ने संस्थालाई सम्झनुपर्छ ।

(१४) “समन्वय समिति” भन्नाले सामुदायिक अध्ययन केन्द्र समन्वय समिति सम्झनुपर्छ ।

(१५) स्रोत केन्द्र भन्नाले विद्यालय स्रोत केन्द्र सम्झनुपर्छ ।

## परिच्छेद –२

(१) **सामुदायिक अध्ययन केन्द्र समन्वय समिति :**

नेपालभित्र सञ्चालन हुने सामुदायिक अध्ययन केन्द्रसम्बन्धी विषयमा नीति निर्माण, रेखदेख, व्यवस्थापन, समन्वय र निरीक्षण गर्नको लागि देहायका सदस्यहरू रहेको एक राष्ट्रिय सामुदायिक अध्ययन केन्द्र समन्वय समिति रहने छ :

| | | | |
|---|---|---|---|
| (क) | अनौपचारिक शिक्षा केन्द्रका निर्देशक | - | अध्यक्ष |
| (ख) | प्रमुख, युनेस्को काठमाडौं | - | सदस्य |
| ♦(ग) | अनौपचारिक शिक्षा लगायत सामुदायिक अध्ययन केन्द्रको विकास र विस्तारमा काम गर्ने गैरसरकारी संस्थामध्येबाट समन्वय समितिले मनोनीत गरेको एकजना | - | सदस्य |
| ♦(घ) | अनौपचारिक शिक्षा एवम् सामुदायिक अध्ययन केन्द्रसम्बन्धी विज्ञमध्येबाट सामुदायिक अध्ययन केन्द्र समन्वय समितिबाट मनोनीत एक जना | - | सदस्य |
| (ङ) | शिक्षा मन्त्रालय, योजना महाशाखाको प्रतिनिधि एक जना | - | सदस्य |
| ♦(च) | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, योजना तथा कार्यक्रम शाखाको प्रतिनिधि एक जना | - | सदस्य |
| ♦(छ) | जिल्ला शिक्षा अधिकारीहरू मध्येबाट समन्वय समितिले मनोनीत गरेको एक जना | - | सदस्य |
| ♦(ज) | सामुदायिक अध्ययन केन्द्रका अध्यक्षहरूमध्येबाट अनौपचारिक शिक्षा केन्द्रका निर्देशकबाट मनोनीत एकजना | - | सदस्य |
| (झ) | सामुदायिक अध्ययन केन्द्र हेर्ने उप निर्देशक, अनौपचारिक शिक्षा केन्द्र | - | सदस्य सचिव |

---

♦ पहिलो संशोधन २०७० बाट संशोधित

(२) उपनियम १ बमोजिम मनोनीत सदस्यहरूको पदावधि ४ वर्षको हुने छ ।

(३) सामुदायिक अध्ययन केन्द्र समन्वय समितिको सचिवालय अनौपचारिक शिक्षा केन्द्रमा रहने छ ।

(४) सामुदायिक अध्ययन केन्द्र समन्वय समितिको बैठकसम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुने छ ।

(५) **सामुदायिक अध्ययन केन्द्र समन्वय समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :–**

(क) सामुदायिक अध्ययन केन्द्रको स्थापना र सञ्चालन सम्बन्धमा नीति निर्धारण गर्ने ।

(ख) मुलुकभित्र सञ्चालित सामुदायिक अध्ययन केन्द्रहरूको रेखदेख, अनुगमन र मूल्याङ्कन गर्ने ।

(ग) सामुदायिक अध्ययन केन्द्रसँग सम्बन्धित सरकारी एवम् गैरसरकारी सङ्घ संस्था एवम् निकायसँग समन्वय कायम गराउने ।

(घ) सामुदायिक अध्ययन केन्द्रमार्फत साक्षरता शिक्षा, निरन्तर शिक्षा, सीप विकास तथा आयमूलक कार्यक्रमहरू एवम् समुदायको आवश्यकतामा आधारित कार्यक्रमहरू सञ्चालन गराउने ।

(ङ) सामुदायिक अध्ययन केन्द्रमा सञ्चालकहरूको क्षमता अभिवृद्धिका लागि तालिम, गोष्ठी अध्ययन भ्रमणको आयोजना गर्ने ।

(च) समुदायका अल्पसङ्ख्यक, जनजाति, पछाडि परेको वर्गलाई विकासको मूलधारमा ल्याउन उनीहरूको आवश्यकतामा आधारित कार्यक्रम सञ्चालन गराउने ।

(छ) सामुदायिक अध्ययन केन्द्र विकासका लागि स्थानीय स्रोत र साधनको अधिकतम परिचालन गर्ने व्यवस्था मिलाउने ।

(ज) सामुदायिक विकाससम्बन्धी कार्यक्रमहरू सामुदायिक अध्ययन केन्द्रमार्फत सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

(झ) समुदायको आवश्यकतामा आधारित जनस्वास्थ्यसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

(ञ) समुदायमा रहेका विभिन्न धार्मिक सम्प्रदायका संस्कृति रीतिरिवाज आदिको प्रवर्धनात्मक कार्यहरू सामुदायिक अध्ययन केन्द्रमार्फत सञ्चालन गराउने ।

(ट) समुदायको आवश्यकतानुसारका जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

(ठ) सामुदायिक अध्ययन केन्द्र सञ्चालन गर्न सहयोग गर्ने अन्तर्राष्ट्रिय सङ्घ संस्था एवम् निकायबीच समन्वय गरी स्रोत जुटाउने ।

(ड) सामुदायिक अध्ययन केन्द्रका कार्यक्रमसँग सम्बन्धित मन्त्रालय एवम् निकायहरूबीच समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

(ढ) सामुदायिक अध्ययन केन्द्रहरूका लागि प्राविधिक एवम् आर्थिक सहयोग उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गरी पठाउने ।

(ण) सामुदायिक अध्ययन केन्द्रहरूलाई दीगोरूपमा सञ्चालन गर्नका लागि आवश्यक नीति रणनीतिहरू तय गरी सम्बन्धित निकायमा सिफारिस गरी पठाउने ।

(त) सामुदायिक अध्ययन केन्द्रको निम्ति आवश्यक विषयमा राय सुझाव प्राप्त गर्न गोष्ठी/कार्यशालाको आयोजना गर्ने ।

(थ) शिक्षा मन्त्रालयबाट भएका नीति निर्देशनबमोजिमका कार्यहरू सञ्चालन गराउने ।

(द) उत्कृष्ट ठहरिएका सामुदायिक अध्ययन केन्द्रले गरेका राम्रा र उदाहरणीय कार्यहरूको प्रचारप्रसार गरी त्यसलाई पुरस्कृत गर्न सिफारिस गर्ने ।

## परिच्छेद - ३

## सामुदायिक अध्ययन केन्द्र स्थापना तथा सञ्चालनसम्बन्धी व्यवस्था

**(६) सामुदायिक अध्ययन केन्द्र स्थापना तथा सञ्चालन गर्न अनुमति लिनु पर्ने :** सामुदायिक अध्ययन केन्द्र स्थापना गर्न अनुसूची ११ अनुसारका प्रक्रिया र कागजातहरू पुरा गरि निम्नानुसार गर्नु पर्नेछ।

♦(१) सामुदायिक अध्ययन केन्द्र स्थापना गर्न चाहने समुदायले समुदायका मानिसहरू भेला गरी सामुदायिक अध्ययन केन्द्रका बारेमा परिचय दिई केन्द्र स्थापना गर्ने प्रक्रिया अघि बढाउने सामूहिक निर्णय गर्नु पर्दछ।

(२) उक्त भेलाबाट यसै निर्देशिका बमोजिमको तदर्थ व्यवस्थापन समिति गठन गर्नु पर्दछ।

(३) केन्द्र स्थापना हुने गाउँ विकास समिति/नगरपालिका/उप महानगरपालिका/महानगरपालिकाबाट सहयोग गर्ने प्रतिबद्धतासहितको सिफारिसपत्र प्राप्त गर्नु पर्दछ।

(४) केन्द्र स्थापना हुने जिल्ला शिक्षा कार्यालयले सम्बन्धित स्थानको स्थलगत निरीक्षण गरी सो केन्द्रका बारेमा सञ्चालन हुन सक्ने वा नसक्ने यथार्थ विवरणसहितको राय प्रतिवेदन जिल्ला अनौपचारिक शिक्षा समिति समक्ष पेस गर्नु पर्ने छ।

(५) जिल्ला अनौपचारिक शिक्षा समितिले माथि खण्ड (१), (२), (३) र (४) बमोजिम प्राप्त कागजातको अध्ययन गरी उपयुक्त र आवश्यक ठानेमा सामुदायिक अध्ययन केन्द्र सञ्चालन गर्नका लागि सिफारिस साथ अनौपचारिक शिक्षा केन्द्रमा पठाउनु पर्ने छ।

♦(६) उपलब्ध विधान र यस निर्देशिकाको प्रतिकूल नहुने गरी उक्त आवेदक सामुदायिक अध्ययन केन्द्रलाई अनौपचारिक शिक्षा केन्द्रले सञ्चालनको स्वीकृति प्रदान गर्ने छ।

---

♦ पहिलो संशोधन २०७० बाट संशोधित

♦(७) एक गाविसमा एउटा मात्र सामुदायिक अध्ययन केन्द्र र नगरपालिकाको हकमा प्रति वडामा एक सामुदायिक अध्ययन केन्द्र स्थापना गर्न सकिने छ ।

(८) सामुदायिक अध्ययन केन्द्रले गत वर्षको कार्य प्रगति र लेखा परीक्षण प्रतिवेदनसहित चालु वर्षको कार्ययोजना राखी प्रत्येक वर्ष नवीकरणका लागि जिल्ला शिक्षा कार्यालयमा निवेदन दिई नवीकरण गराउनु पर्ने छ ।

---

♦ पहिलो संशोधन २०७० बाट संशोधित

(७) **सामुदायिक अध्ययन केन्द्र सञ्चालन गर्न देहायबमोजिमका सर्त पालना गर्नु पर्नेछ :**

(१) यस निर्देशिकाको प्रतिकूल नहुने गरी विधान निर्माण गर्नु पर्ने छ ।

(२) नेपाल सरकारको प्रचलित ऐन नियमको पूर्ण पालना गर्नु पर्ने छ ।

(३) सामुदायिक अध्ययन केन्द्रमार्फत कुनै राजनैतिक गतिविधि गर्न पाइने छैन । जाति, वर्ण, वर्ग, धर्म, सम्प्रदाय आदि क्षेत्रमा प्रतिकूल प्रभाव पार्ने गरी कार्यक्रम सञ्चालन गर्न पाइने छैन ।

(४) समुदायको हित विपरीत हुने गरी कार्यक्रम सञ्चालन गर्न पाइने छैन ।

(५) नेपाल सरकार, शिक्षा मन्त्रालय, अन्तर्गत र आबद्ध निकायहरूको नीति निर्देशनको पूर्ण पालना गर्नु पर्ने छ ।

(६) समुदायमा विशेष गरी निरक्षर पिछडिएको वर्ग, महिला, दलित, जनजातिलाई प्राथमिकता दिई उनीहरूको जीवनस्तर उकास्ने खालका कार्यक्रम सञ्चालन गर्नु पर्ने छ ।

(८) **आवद्धता :**

(१) सामुदायिक अध्ययन केन्द्रले आवश्यकताअनुसार समाज कल्याण परिषदसँग आबद्धता लिन सक्ने छ ।

(२) सामुदायिक अध्ययन केन्द्रहरूले आफूहरूबीच समन्वय र सहकार्यका लागि सञ्जाल गठन गर्न सक्ने छन् ।

(३) सामुदायिक अध्ययन केन्द्रको सञ्जालसँग अन्य सङ्घ संस्थाहरूले पनि सञ्जाल निर्माण गर्न सक्ने छन् ।

(९) **सामुदायिक अध्ययन केन्द्रको नामकरण :**

(१) सामुदायिक अध्ययन केन्द्रको नामकरण देहायबमोजिम गर्न सकिने छ -

(क) राष्ट्रिय महत्वको भौगोलिक, धार्मिक वा ऐतिहासिक स्थलको नाममा

(ख) राष्ट्रिय विभूति वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय व्यक्तित्वको नाममा

(ग) सञ्चालक/संस्थापक संस्थाको नाममा

तर सञ्चालक संस्था/संस्थापक संस्था कुनै व्यक्तिको नाममा खुलेको भएमा सो संस्थाको नाममा सामुदायिक अध्ययन केन्द्र सञ्चालन गर्न निर्देशिकाको दफा ९ (२) बमोजिमको सर्त पूरा गरेको हुनु पर्ने छ ।

♦(२) कुनै संस्था वा व्यक्तिले आफ्नो नाममा सामुदायिक अध्ययन केन्द्र सञ्चालन गर्न चाहेमा उक्त सामुदायिक अध्ययन केन्द्रको नाममा कम्तीमा पाँचलाख रुपियाँको अक्षय कोष वा सो बराबरको जग्गा राखी सम्बन्धित संस्था वा व्यक्तिको नाममा त्यस्तो सामुदायिक अध्ययन केन्द्र सञ्चालन गर्न वा सामुदायिक अध्ययन केन्द्रको नामसँग आफ्नो नाम जोड्न सक्ने छ ।

♦(३) सामुदायिक अध्ययन केन्द्रको नामबाहेक आंशिक रूपमा सामुदायिक अध्ययन केन्द्रको कुनै भवन वा कोठाको नाम मात्र आफ्नो नाममा राख्न चाहने व्यक्ति वा संस्थालाई सामुदायिक अध्ययन केन्द्र व्यवस्थापन समितिले कम्तीमा दुई लाखको धनराशि राखी त्यस्तो नामकरण गर्ने व्यवस्था मिलाउन सक्ने छ ।

♦(४) सामुदायिक अध्ययन केन्द्रको नाम परिवर्तन गर्नुपर्ने भएमा सम्बन्धित गाउँ विकास समिति/नगरपालिकाको सिफारिस, व्यवस्थापन समितिको निर्णय, जिल्ला अनौपचारिक शिक्षा समितिको निर्णय र जिल्ला शिक्षा कार्यालयको सिफारिसका आधारमा औचित्य र उपयोगिता पुष्टि भएमा अनौपचारिक शिक्षा केन्द्रले नाम परिवर्तन गर्न सक्ने छ ।

---

♦ पहिलो संशोधन २०७० बाट संशोधित

(१०) **सामुदायिक अध्ययन केन्द्रलाई नेपाल सरकारले अनुदान उपलब्ध गराउन सक्ने :–**

♦(१) स्वीकृति प्राप्त सामुदायिक अध्ययन केन्द्रलाई नेपाल सरकारले तोकेको सर्तको अधीनमा रही खर्च गर्ने गरी जिल्ला शिक्षा कार्यालय मार्फत गत वर्षको कार्य प्रगति प्रतिवेदन र चालू वर्षको कार्ययोजनाको आधारमा अनुदान उपलब्ध गराउन सक्नेछ ।

(२) सामुदायिक अध्ययन केन्द्रलाई स्थानीय निकाय/गैर सरकारी संस्था/व्यक्ति वा समुदायले सामुदायिक अध्ययन केन्द्रको उद्देश्य बमोजिम कार्य गर्ने गरी अनुदान दिन सक्ने छन् ।

♦ (११) **सामुदायिक अध्ययन केन्द्र सञ्चालन हुने समय** :

सामुदायिक अध्ययन केन्द्र सार्वजनिक विदाको दिन बाहेक १० बजेदेखि ४ बजेसम्म नियमित सञ्चालन हुनु पर्नेछ । सामुदायिक अध्ययन केन्द्र व्यवस्थापन समितिले आफैले निर्णय गरी कार्यअवधि पूरा गर्ने सर्तमा विहान बेलुकाको उपयुक्त समय व्यवस्थापन गरी सञ्चालन गर्न पनि सक्नेछ । आवश्यकताका आधारमा अतिरिक्त समयमा कार्य गर्न गराउन बाधा हुने छैन ।

(१२) **सेवा क्षेत्र** :

गाउँ विकास समितिमा स्थापना भएमा सामुदायिक अध्ययन केन्द्रको सेवा क्षेत्र सोही गाउँ विकास समितिलाई र नगरपालिका क्षेत्रभित्र स्थापना भएको सामुदायिक अध्ययन केन्द्रको सम्बधित वडालाई नै सेवा क्षेत्र तोक्नु पर्ने छ । प्रत्येक गाउँ विकास समिति र नगरपालिकाको वडाहरूमा सामुदायिक अध्ययन केन्द्र स्थापना नभएको अवस्थामा जिल्ला शिक्षा कार्यालयले नजिकको गाउँ विकास समिति र नगरपालिकाको बडाहरूलाई समेत सेवा क्षेत्र तोक्न सक्ने छ ।

---

♦ पहिलो संशोधन २०७० बाट संशोधित

**♦(१३) सामुदायिक अध्ययन केन्द्रको कार्यलय सञ्चालन :**

सामुदायिक अध्ययन केन्द्रको कार्यालय सञ्चालनका लागि सामुदायिक भवन, विद्यालय वा स्रोतकेन्द्रको भवनमा कार्यालय स्थापना गरी कार्यालय सञ्चालन गर्न सक्ने छ ।

## परिच्छेद - ४

## सामुदायिक अध्ययन केन्द्रका कार्यक्रमहरू

**(१४) सामुदायिक अध्ययन केन्द्रबाट सञ्चालन हुने कार्यक्रमहरू देहाय बमोजिम हुनेछन् :**

(१) साक्षरता कक्षाहरू सञ्चालन,

(२) निरन्तर शिक्षाका विभिन्न कार्यक्रमहरू (साक्षरोत्तर शिक्षा, निरन्तर शिक्षा, सीपमूलक तालिम आदि) सञ्चालन,

(३) आयमूलक कार्यक्रमहरू सञ्चालन,

(४) बचत तथा ऋण कार्यक्रम सञ्चालन,

(५) सहकारितामा आधारित साझेदारी कार्यक्रमहरू सञ्चालन,

(६) पुस्तकालय व्यवस्थापन सञ्चालन ,

(७) ऐतिहासिक, पौराणिक, धार्मिक, कला, संस्कृतिको संरक्षण र सम्वर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन,

(८) मानवीय स्रोत विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन,

♦ (९) सामुदायिक अध्ययन केन्द्रले आवश्यक प्रक्रिया पूरा गरी बालविकास केन्द्र र बैकल्पिक तथा खुला विद्यालय सञ्चालन,

---

♦ पहिलो संशोधन २०७० बाट संशोधित

(१०) सूचना सम्बन्धी कार्यक्रमहरू (रेडियो, टेलिफोन, टेलिभिजन आदिका माध्यमबाट जनचेतना फैलाउने, सेवा प्रवाह गर्ने) सञ्चालन, (तर स्वीकृत लिनुपर्ने भएमा सम्बन्धित निकायको स्वीकृति लिएर मात्र गर्नुपर्ने छ)

(११) स्वास्थ्य शिक्षा, सेवा उपलब्ध गराउने कार्यक्रम सञ्चालन,

(१२) स्थानीय प्रदर्शनीहरूको आयोजनासम्बन्धी कार्य सञ्चालन,

(१३) स्थलगत अध्ययन भ्रमण कार्यक्रम सञ्चालन,

♦(१४) उन्नत खेती, पशुपालन, घरेलु उद्योग जस्ता क्रियाकलापमा स्थानीय समुदायलाई सघाउने कार्यक्रम सञ्चालन,

(१५) कानुनी साक्षरता शिक्षासम्बन्धी कार्यक्रम सञ्चालन,

(१६) खेलकुद सांस्कृतिक कार्यक्रमहरू सञ्चालन,

(१७) समय समयमा विशेषज्ञहरूद्वारा प्रवचन तथा स्वास्थ्य परीक्षण शिविर जस्ता कार्यक्रम सञ्चालन,

(१८) समुदायको आवश्यकतामा आधारित सेवामूलक योजना, कार्यक्रम सञ्चालन,

(१९) विविध कार्यक्रमहरू सञ्चालन ।

**(१५) तालिम तथा क्षमता अभिवृद्धिसम्बन्धी व्यवस्था :**

सामुदायिक अध्ययन केन्द्रको नीति निर्माण, योजना निर्माण र कार्यक्रम कार्यान्वयन, अनुगमन मूल्याङ्कनको कार्यका लागि सामुदायिक अध्ययन केन्द्रका पदाधिकारी एवम् कर्मचारीहरूलाई नेपाल सरकारले सामुदायिक अध्ययन केन्द्र व्यवस्थापन एवम् सञ्चालनसम्बन्धी तालिमको प्रबन्ध गर्ने छ । सामुदायिक अध्ययन केन्द्र आफैले आवश्यकतानुसारको तालिमको आयोजना

---

♦ पहिलो संशोधन २०७० बाट संशोधित

गर्न सक्ने छ । कुनै सरकारी वा अन्तर्राष्ट्रिय गैर सरकारी एवम् स्थानीय गैर सरकारी संस्थाले आयोजना गर्ने तालिममा सामुदायिक अध्ययन केन्द्रका पदाधिकारी एवम् कर्मचारीले भाग लिन सक्ने छन् । सामुदायिक अध्ययन केन्द्रलाई अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले सहयोग पुऱ्याउने भएमा अनौपचारिक शिक्षा केन्द्रसँग सम्झौता गरी त्यस्ता कार्यक्रमहरू सञ्चालन गर्न सक्ने छ ।

## परिच्छेद - ५

## व्यवस्थापन समितिसम्बन्धी व्यवस्था

**(१६) सामुदायिक अध्ययन केन्द्रको व्यवस्थापन समितिको गठन, काम कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था :**

सामुदायिक अध्ययन केन्द्रको व्यवस्थापन समितिमा देहाय बमोजिम सदस्यहरू रहने गरी व्यवस्थापन समितिको गठन हुनेछ । व्यवस्थापन समितिमा आवश्यकतानुसार विशिष्ट व्यक्तित्वहरूलाई आमन्त्रित सदस्यको रूपमा राख्न सकिने छ ।

| | | |
|---|---|---|
| (१) | साधारण सभाबाट निर्वाचित एक जना | अध्यक्ष |
| (२) | सम्बन्धित गा.वि.स.को अध्यक्ष वा न.पा.को सम्बन्धित वडा अध्यक्ष | सदस्य |
| ♦(३) | समाजसेवी र शिक्षाप्रेमीमध्येबाट एक जना महिला पर्ने गरी साधारण सभाबाट निर्वाचित ३ जना | सदस्य |
| ♦(४) | स्थानीय समाजसेवीहरूमध्येबाट सामुदायिक अध्ययन केन्द्र व्यवस्थापन समितिले मनोनित गरेको १ जना | सदस्य |
| ♦ (५) | सेवाक्षेत्रभित्र रहेको सामुदायिक विद्यालयका प्रधानाध्यापकहरू मध्येबाट सामुदायिक अध्ययन केन्द्र व्यवस्थापन समितिले मनोनित गरेको १ जना | सदस्य |
| (६) | सेवाक्षेत्रस्थित गैरसरकारी संस्थाबाट व्यवस्थापन समितिले मनोनित गरेको एक जना | सदस्य |
| (७) | सम्बन्धित स्रोत केन्द्रका स्रोत व्यक्ति पदेन सदस्यका रूपमा रहने छन् । | |

---

♦ पहिलो संशोधन २०७० बाट संशोधित

♦(८) सम्बन्धित सामुदायिक अध्ययन केन्द्रका परिचालक — सदस्य सचिव

♦(९) सामुदायिक अध्ययन केन्द्र व्यवस्थापन समितिको बैठकमा समुदायका विशिष्ट व्यक्तिहरू, स्थानीय कृषि, पशु तथा स्वास्थ्य सेवा केन्द्रका विशेषज्ञ, सामुदायिक अध्ययन केन्द्रलाई सहयोग गर्ने व्यक्तिहरू वा राजनीतिक दलका व्यक्तिहरूलाई आमन्त्रित सदस्यका रूपमा आवश्यकताअनुसार बोलाउन सकिने छ।

♦(१०) सामुदायिक अध्ययन केन्द्रको साधारण सभा प्रत्येक वर्ष हुने छ।

♦(११) सामुदायिक अध्ययन केन्द्र व्यवस्थापन समितिका पदाधिकारीहरूको पदावधि ४ वर्षको हुने छ।

**(१७) सामुदायिक अध्ययन केन्द्र व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार**

सामुदायिक अध्ययन केन्द्र व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

(१) समुदायको सर्वेक्षण गरी समुदायका मानिसहरूको सिकाइ तथा सामुदायिक विकाससम्बन्धी आवश्यकताहरू पत्ता लगाउने,

(२) ती सिकाइसम्बन्धी आवश्यकताहरू पूरा गर्ने खालका योजना तथा कार्यक्रम बनाउने,

(३) योजना कार्यक्रमहरूका लागि आवश्यकतानुसार स्थानीय स्रोतको अधिकतम परिचालन गर्ने,

---

♦ पहिलो संशोधन २०७० बाट संशोधित

(४) समुदायमा संलग्न विभिन्न सरकारी तथा गैरसरकारी निकाय एवम् विद्यालयका बीचमा सहयोग र समन्वय कायम गरी कार्यक्रम कार्यान्वयन गर्ने,

(५) बाह्य सहयोग जुटाउन सहयोग गर्ने,

(६) केटाकेटी युवा महिला प्रौढ तथा जेष्ठ नागरिक बचत तथा ऋण सांस्कृतिक, ऐतिहासिक, धार्मिक आदि समूहहरू गठन गरी कार्यक्रम सञ्चालन गर्ने ।

(७) पेसागत समूहहरू गठन गरी आयआर्जनसम्बन्धी कार्यक्रमहरूमा सहजकर्ता भई सहयोग गर्ने, जस्तै :

(क) कृषक समूह

(ख) महिला समूह

(ग) बचत तथा ऋण समूह

(घ) सांस्कृतिक समूह

(ङ) युवा समूह

(च) आवश्यकतानुसार अन्य समूहहरू समुदायको आवश्यकतानुसार विभिन्न योजना, कार्यक्रम तर्जुमा गरी व्यवस्थापन गर्ने, कार्यान्वयन गर्ने, निरीक्षण, अनुगमन एवम् कार्यक्रमको मूल्याङ्कन गरी आवश्यक सुधार गर्दै जाने,

(८) सामुदायिक अध्ययन केन्द्रले स्थानीय तथा बाह्यरूपमा प्राप्त रकम सम्बन्धित परियोजनाको उद्देश्य प्राप्तिमा मात्र साधारण सभाको स्वीकृति लिएर खर्च गर्नु पर्नेछ ।

♣(९)........................................

---

♣ पहिलो संशोधन २०७० बाट हटाइएको

(१०) सामुदायिक अध्ययन केन्द्रका साधारण सभाद्वारा बजेट तथा कार्यक्रम स्वीकृत गराउने, आम्दानी खर्चको हिसाब, (स्रेस्ता) ठीकसँग राख्न लगाउने, सामुदायिक अध्ययन केन्द्रको प्रत्येक आर्थिक वर्षकोको आम्दानी खर्चको हिसाब आर्थिक वर्ष समाप्त भएको मितिले एक महिनाभित्र लेखा परीक्षक नियुक्ति गरी लेखापरीक्षण गराई सोको प्रतिवेदन सम्बन्धित निकायमा पठाउने । लेखा परीक्षकको प्रतिवेदन माथि छलफल गरी आवश्यक कारवाही गर्ने ।

(११) सामुदायिक अध्ययन केन्द्रका क्रियाकलापहरू र आर्थिक विवरणको प्रतिवेदन व्यवस्थापन समितिमा पेस गर्ने ।

(१२) सामुदायिक अध्ययन केन्द्रद्वारा गठित विभिन्न समितिमा भएका निर्णयहरूको अभिलेख राख्ने ।

♣(१८)............................................

**(१९) सामुदायिक अध्ययन केन्द्रको काम कर्तव्य र अधिकार :**

सामुदायिक अध्ययन केन्द्रले लक्षित वर्गहरूमा निरक्षर प्रौढ, महिला, विद्यालय शिक्षाको अवसरबाट बञ्चित बालबालिकाहरू, बीचैमा विद्यालय छाडेका बालबालिकाहरू, गरिबीको मारबाट पिल्सिएकाहरू, दलित, जनजाति, अल्पसङ्ख्यक वर्ग, विकासको मूल प्रवाहबाट पछाडि परेका तथा आर्थिक रूपमा विपन्न वर्गको उन्नतिका लागि कार्य गर्नु पर्दछ । मूलतः सामुदायिक अध्ययन केन्द्रको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

(१) आफ्नो सेवा क्षेत्रमा लक्षित वर्ग पहिचान गर्न घरधुरी सर्वेक्षण एवम् समुदाय सर्वेक्षण गर्ने जस्ता कार्य गर्ने,

(२) लक्षित वर्गको आवश्यकताहरू पहिचान गर्ने,

♣ पहिलो संशोधन २०७० बाट हटाइएको

(३) पहिचान गरिएका आवश्यकताहरू परिपूर्ति गर्न आवश्यक कार्यक्रमहरू निर्माण गरी प्राप्त स्रोत र साधनअनुसार तिनको प्राथमिकीकरण गर्ने,

(४) समुदायको आवश्यकतानुसारका निम्न कार्यक्रमहरूलाई कार्यान्वयन गर्ने :

(क) निरक्षरता उन्मूलन गर्ने शैक्षिक कार्यक्रमहरू :

(अ) प्रौढ शिक्षा, महिला शिक्षा, बाल शिक्षा, निरन्तर शिक्षा

(आ) पुस्तकालय, कानुनी साक्षरता, चेतनामूलक शैक्षिक कार्यक्रमहरू

(ख) सीप विकाससम्बन्धी तालिम सञ्चालन (आयआर्जन कार्यक्रम)

(अ) तरकारी खेती

(आ) वागवानी खेती (फलफूल)

(इ) माछापालन

(ई) मौरीपालन

(उ) कुखुरापालन

(ऊ) बङ्गुरपालन

(ए) भैँसीपालन

(ऐ) पसल सञ्चालन/व्यवसाय सञ्चालन

(ओ) सिलाइ बुनाइ तालिम

(औ) घरेलु उधोग/कुटिर उद्योग (स्वीकृति लिनु पर्ने भए सम्बन्धित निकायबाट स्वीकृति लिएर)

(अं) आवश्यकतानुसारका अन्य तालिम

(ग) बचत तथा ऋण कार्यक्रम

(घ) सामुदायिक विकास सम्बन्धी कार्य

(अ) बाटो, खानेपानी, सरसफाइ, विद्यालय सञ्चालन/व्यवस्थापन, स्वास्थ्य चौकी व्यवस्थापन/सञ्चालन, सामुदायिक वनसम्बन्धी कार्यको व्यवस्थापन सञ्चालन,

(ङ) संस्कृति संरक्षण

मन्दिर, पाटी, पौवा, बिहार, मस्जिद, पोखरी, चौतारी, चर्च, विभिन्न धार्मिक सम्प्रदायका पवित्र स्थलहरू,

(च) जनचेतनामूलक कार्यक्रमहरू

(अ) मद्यपान, धुम्रपान विरुद्धका चेतनामूलक कार्यक्रम

(आ) वातावरण एवम् सरसफाइसम्बन्धी चेतनामूलक कार्यक्रम

(इ) जुवातास विरुद्ध चेतनामूलक कार्यक्रम

(ई) सफा पानीको प्रयोगसम्बन्धी चेतनामूलक कार्यक्रम

(उ) प्राथमिक उपचारसम्बन्धी चेतनामूलक कार्यक्रमहरू

(ए) प्रजनन स्वास्थ्यसम्बन्धी चेतनामूलक कार्यक्रमहरू

(ऐ) एच आईभी एड्स (HIV/AIDS) सम्बन्धी चेतनामूलक कार्यक्रमहरू

(ऐ) पोषणसम्बन्धी चेतनामूलक कार्यक्रमहरू

(ओ) शैक्षिक जागरणसम्बन्धी कार्यक्रमहरू

(औ) आवश्यकतानुसार अन्य कार्यक्रमहरू

♦(५) सामुदायिक अध्ययन केन्द्रले विगत वर्षको कार्य प्रगति र लेखापरीक्षण तथा चालु वर्षको कार्ययोजनासहित प्रत्येक वर्ष नवीकारणका लागि जिल्ला शिक्षा कार्यलयमा निवेदन दिनुपर्नेछ । सोअनुसार नवीकरण नगर्ने सामुदायिक अध्ययन केन्द्रको अनुदान रोक्का गर्न सकिने छ ।

(२०) **शिक्षा मन्त्रालयको भूमिका :**

शिक्षा मन्त्रालयको भूमिका देहायबमोजिम हुने छ :

(१) सामुदायिक अध्ययन केन्द्रको स्थापना र सञ्चालनसम्बन्धी नीति निर्धारण गर्ने,

(२) सामुदायिक अध्ययन केन्द्रसम्बन्धी कार्यक्रम सञ्चालन गर्न इच्छुक अन्तर्राष्ट्रिय सङ्घ संस्था एवम् संयुक्त राष्ट्रसङ्घ सम्बद्ध संस्थाहरूसँग सहकार्यका लागि सम्झौता गर्ने ।

(३) सामुदायिक अध्ययन केन्द्र सञ्चालन गर्न सहयोग गर्ने अन्तर्राष्ट्रिय सङ्घ संस्था एवम् निकायबीच समन्वय गरी स्रोत जुटाउने ।

(४) सामुदायिक अध्ययन केन्द्रका कार्यक्रमसँग सम्बन्धित मन्त्रालयहरूसँग समन्वय गर्ने ।

(२१) **अनौपचारिक शिक्षा केन्द्रको भूमिका :**

अनौपचारिक शिक्षा केन्द्रको भूमिका देहायबमोजिम हुने छ :

(१) सामुदायिक अध्ययन केन्द्रको वार्षिक एवम् आवधिक कार्यक्रमहरू निर्माण गर्न लगाई लक्ष्य एवम् सूचकहरू तोक्ने र तिनलाई कार्यान्वयन गर्न लगाउने ।

(२) सामुदायिक अध्ययन केन्द्र सम्बन्धमा बनेका नीति नियमको कार्यान्वयन गराउने ।

---

♦ पहिलो संशोधन २०७० बाट संशोधित

(३) सामुदायिक अध्ययन केन्द्रहरूको अभिलेख रेखदेख, निरीक्षण, निर्देशन, सहजीकरण र मूल्याङ्कन गर्ने ।

(४) सामुदायिक अध्ययन केन्द्रसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने सङ्घ संस्थाहरू, संयुक्त राष्ट्रसङ्घ सम्बद्ध संस्था एवम् अन्य सङ्घ संस्था तथा निकायसँग समन्वय गरी सामुदायिक अध्ययन केन्द्रका कार्यक्रमको निरन्तरता प्रदान गर्न आवश्यक व्यवस्था मिलाउने ।

(५) सामुदायिक अध्ययन केन्द्रलाई प्राविधिक एवम् आर्थिक सहयोग उपलब्ध गराउने ।

(६) सामुदायिक अध्ययन केन्द्रसम्बन्धी सन्दर्भ सामग्रीको विकास गरी तिनको प्रयोगको बन्दोवस्त मिलाउने ।

(७) केन्द्रीय तहमा सामुदायिक अध्ययन केन्द्रहरूको सञ्जाल तयार गरी सोमार्फत कार्यक्रम सञ्चालनमा विभिन्न ढाँचाहरू तय गर्ने र कार्यक्रमलाई प्रभावकारीरूपमा सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

(८) सामुदायिक अध्ययन केन्द्र सम्बन्धी नीति र कार्यक्रम सञ्चालन सम्बन्धी कार्यहरू सम्पादन गर्ने ।

(९) शिक्षा मन्त्रालयको निर्देशन बमोजिमका कार्यहरू गर्ने ।

(१०) सामुदायिक अध्ययन केन्द्रमार्फत सञ्चालित कार्यक्रमहरूमा सहयोग गरी तिनको अनुगमन गर्ने ।

♣(२२) ................................ :

**(२३) क्षेत्रीय शिक्षा निर्देशनालयको भूमिका :**

क्षेत्रीय शिक्षा निर्देशनालयको भूमिका देहाय बमोजिमको हुने छ :

---

♣ पहिलो संशोधन २०७० बाट हटाइएको

(१) आफ्नो क्षेत्रभित्र सञ्चालित सामुदायिक अध्ययन केन्द्र र सो केन्द्रहरूबाट सञ्चालित कार्यक्रमहरूको निरीक्षण अनुगमन र रेखदेख गर्ने ।

(२) क्षेत्रभित्र सञ्चालित सामुदायिक अध्ययन केन्द्रको कार्यक्रमको प्रगति समीक्षा गरी अनौपचारिक शिक्षा केन्द्रलाई प्रतिवेदन पठाउने ।

**(२४) जिल्ला विकास समितिको भूमिका :**

जिल्ला विकास समितिको भूमिका देहाय बमोजिम हुने छ :

(१) सामुदायिक अध्ययन केन्द्र निर्देशिका र अन्य प्रचलित कानुनको अधीनमा रही जिल्लास्तरमा सामुदायिक अध्ययन केन्द्रसम्बन्धी कार्यक्रम सञ्चालनका लागि समन्वय र सहयोग गर्न स्थानीय निकायलाई निर्देशन दिने ।

(२) जिल्लाभित्र सञ्चालन हुने विकास कार्यक्रमहरूमा सामुदायिक अध्ययन केन्द्रका कार्यक्रमसँग समन्वय गरी सामुदायिक अध्ययन केन्द्रलाई दिगोरूपमा सञ्चालन गर्न सहयोग गर्ने ।

(३) जिल्लाभित्र सञ्चालित सामुदायिक अध्ययन केन्द्रको विकास एवम् विस्तारको व्यवस्था मिलाउने ।

(४) जिल्लाभित्रका सामुदायिक अध्ययन केन्द्रका भौतिक एवम् शैक्षिक विकास तथा विस्तारका लागि सहयोग पुऱ्याउने ।

(५) जिल्लाभित्र सञ्चालित सामुदायिक अध्ययन केन्द्रहरूका बीच समन्वय तथा सहयोग जुटाउन पहल गर्ने ।

(६) सामुदायिक अध्ययन केन्द्रका कार्यक्रमहरूको अनुगमन र मूल्याङ्कन गर्ने ।

(७) जिल्लामा सञ्चालित सामुदायिक अध्ययन केन्द्रहरूको विवरण अद्यावधिक गरी राख्ने ।

**(२५) जिल्ला शिक्षा कार्यालयको भूमिका :**

जिल्ला शिक्षा कार्यालयको भूमिका देहायबमोजिम हुनेछ :

(१) जिल्लाभित्र सञ्चालित सामुदायिक अध्ययन केन्द्रको स्पष्ट अभिलेख कायम गर्ने र तिनलाई शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा आवद्ध गर्ने ।

(२) जिल्लाभित्र सञ्चालित सामुदायिक अध्ययन केन्द्र र केन्द्रका कार्यक्रमहरूको निरीक्षण, निर्देशन, रेखदेख र समन्वय गर्ने ।

(३) जिल्लाभित्र सञ्चालित सामुदायिक अध्ययन केन्द्रका कार्यक्रमहरूको प्रतिवेदन तयार गरी नियमितरूपमा अनौपचारिक शिक्षा केन्द्रमा पठाउने ।

(४) जिल्लाभित्र सञ्चालित सामुदायिक अध्ययन केन्द्रका कार्यक्रमहरूको गुणस्तर विकासका लागि आर्थिक र प्राविधिक सहयोग पुऱ्याउने ।

(५) जिल्लाभित्रका सामुदायिक अध्ययन केन्द्रसँग सम्वद्ध संस्था एवम् निकायहरूको सञ्जाल तयार गरी सम्पर्क विन्दुको रूपमा कार्य गर्ने ।

(६) यस निर्देशिकामा जिल्ला शिक्षा कार्यालयले गर्ने भनी तोकिएको अन्य कार्य गर्ने ।

(७) जिल्ला शिक्षा कार्यलयले सञ्चालन गर्ने अनौपचारिक शिक्षाका विभिन्न कार्यक्रमहरू सामुदायिक अध्ययन केन्द्रमार्फत सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाउने ।

(८) गतसालको प्रगति र चालु वर्षको योजना र कार्यक्रम सञ्चालनका आधारमा सामुदायिक अध्ययन केन्द्रलाई निकासा दिने ।

(९) सामुदायिक अध्ययन केन्द्रको वार्षिक कार्य विवरण, प्रगति विवरण र लेखापरीक्षण प्रतिवेदनका आधारमा प्रत्येक वर्ष सामुदायिक अध्ययन केन्द्रहरूको नवीकरण गर्ने र नवीकरण नगर्ने सामुदायिक अध्ययन केन्द्रेको अनुदान रोक्का राख्ने ।

(२६) **सङ्घ संस्थाहरूको भूमिका :**

सामुदायिक अध्ययन केन्द्रलाई सहयोग गर्ने सङ्घ संस्थाको भूमिका देहाय बमोजिम हुने छ :

(१) सामुदायिक अध्ययन केन्द्रद्वारा कार्यान्वयन भएका कार्यक्रमहरूको व्यवस्थापन, सञ्चालन, अनुगमन र मूल्याङ्कनमा यो निर्देशिका र अन्य प्रचलित कानुनको अधीनमा रही कार्यक्रममा साझेदार सहयात्री एवम् सहयोगी संस्थाको रूपमा काम गर्ने ।

(२) आफूसँग उपलब्ध र आफू मार्फत परिचालन भएको आर्थिक एवम् अन्य स्रोत सामग्रीलाई नेपाल सरकारमा विद्यमान सङ्गठन संरचना मार्फत वा आफ्नै संरचनामार्फत सामुदायिक अध्ययन केन्द्रको विकास र विस्तारमा उपयोग गराउने ।

(३) सामुदायिक अध्ययन केन्द्रका लागि भवन, खेलमैदान, धारा, पानी, शौचालय आदिको व्यवस्था गर्न मद्दत एवम् सहयोग गर्ने ।

(४) सामुदायिक अध्ययन केन्द्रबाट सञ्चालित कार्यक्रमहरूको कार्यमूलक अध्ययन अनुसन्धानमा सहयोग पुर्‍याउने ।

(५) सामुदायिक अध्ययन केन्द्रका कार्यक्रमहरूलाई विस्तार एवम् व्यवस्थित गर्न सहयोग गर्ने ।

(६) सामुदायिक अध्ययन केन्द्रको कार्यक्रमको सञ्जालको सदस्यको रूपमा कार्य गर्ने ।

(७) सामुदायिक अध्ययन केन्द्रको कार्यक्रमका बारेमा प्रचारप्रसार गर्ने र निरन्तर सहयोग गर्ने ।

**(२७) नगरपालिका वा गाउँ विकास समितिको भूमिका :**

नगरपालिका वा गाउँ विकास समितिको भूमिका देहाय बमोजिम हुने छ :

(१) शिक्षा ऐन तथा नियमावलीका साथै यसै निर्देशिकाले गरेको व्यवस्थाका अधीनमा रही सामुदायिक अध्ययन केन्द्र सञ्चालन गर्न, सिफारिस गर्ने ।

(२) गाउँ विकास समिति वा नगरपालिकाले सञ्चालन गर्ने विकास निर्माणका कार्यक्रमहरू सम्भव भएसम्म सञ्चालन गर्ने जिम्मेवारी सामुदायिक अध्ययन केन्द्रलाई दिने ।

(३) सामुदायिक अध्ययन केन्द्र सञ्चालन गर्न आफूसँग उपलब्ध साधन स्रोत परिचालन गर्ने र आफ्नो क्षेत्रभित्र उक्त कार्यक्रम सञ्चालन गर्ने सामुदायिक अध्ययन केन्द्रहरूको सञ्जाल बनाई कार्यक्रम सञ्चालनमा समन्वय ल्याउने ।

(४) सामुदायिक अध्ययन केन्द्रका लागि भवन, पुस्तकालय, खेलमैदान, धारा, पानी, शौचालय आदिको व्यवस्था गर्न सहयोग गर्ने ।

(५) आफ्नो क्षेत्रभित्र सञ्चालित सामुदायिक अध्ययन केन्द्रहरूमा नियमित अनुगमन गरी समष्टिगत प्रतिवेदन जिल्ला विकास समिति र जिल्ला शिक्षा कार्यालयमा पठाउने ।

(६) सामुदायिक अध्ययन केन्द्रको हितमा आवश्यक अन्य कार्यक्रममा सहयोग गर्ने ।

## परिच्छेद - ६

## परिचालकसम्बन्धी व्यवस्था

**[♦](२८) सामुदायिक अध्ययन केन्द्रको परिचालक नियुक्ति, सेवा सर्त र सुविधाहरू सम्बन्धी व्यवस्थाः**

(१) समुदाय परिचालकको नियुक्ति :- सामुदायिक अध्ययन केन्द्र व्यवस्थापन समितिले कम्तीमा प्रमाणपत्र तह (उच्च माध्यामिक शिक्षा) उत्तीर्ण स्थानीय विवाहित महिलालाई परिचालकको रूपमा कार्यसर्त तोकी नियुक्ति गर्न सक्नेछ । नियुक्तिको प्रक्रिया र कार्यविधि व्यवस्थापन समितिले तोके वमोजिम हुने छ ।

(२) समुदाय परिचालकको आचरण :

(क) कार्यमा नियमितता

(ख) मृदुभाषी

(ग) सामुदायिक/सामाजिक कार्यमा रुचि राख्ने

(घ) पेसा र कार्यप्रति आस्थावान्

(ङ) अनुशासित, सदाचारी, चरित्रवान्

(३) समुदाय परिचालकको पारिश्रमिक र सुविधा :

समुदाय परिचालकको पारिश्रमिक र अन्य सेवा सुविधा उपलब्ध स्रोतका आधारमा उपयुक्त हुने गरी सामुदायिक अध्ययन केन्द्र व्यवस्थापन समितिले तोकिदिए वमोजिम हुने छ ।

**(२९) समुदाय परिचालकको काम, कर्तव्य र अधिकार :**

(१) सामुदायिक अध्ययन केन्द्रको प्रशासनिक कार्यहरू सञ्चालन गर्ने,

---

♦ पहिलो संशोधन २०७० बाट संशोधित

(२) सामुदायिक अध्ययन केन्द्रबाट सञ्चालित पुस्तकालय सञ्चालन गर्ने,

(३) सामुदायिक अध्ययन केन्द्रअर्न्तगतका समिति, समूह, उप–समूहहरूको क्रियाकलापमा सहजीकरण र सहयोग पुऱ्याउने,

(४) सामुदायिक अध्ययन केन्द्रबाट सम्पादित कार्यक्रमको प्रगति विवरणहरू तयार गरी सम्बन्धित निकायमा पठाउने,

(५) सामुदायिक अध्ययन केन्द्रबाट भइरहेका र हुने कामहरूको अनुगमन गर्ने,

(६) अध्यक्षको निर्देशन बमोजिम निर्धारित गरिएका कार्य गर्ने,

(७) सामुदायिक अध्ययन केन्द्रका अभिलेखहरू अद्यावधिक गरी राख्ने,

(८) स्थानीय विद्यालयहरू, स्वास्थ्य केन्द्र, सङ्घ संस्थाहरू, गाउँ विकास समिति/नगरपालिकासँग समन्वय र सम्पर्क गर्ने एवम् साझेदार भई कार्य गर्ने,

(९) शिक्षा मन्त्रालय, शिक्षा विभाग, अनौपचारिक शिक्षा केन्द्र, क्षेत्रीय शिक्षा निर्देशनालय, जिल्ला शिक्षा कार्यालय लगायतका निकायबाट प्राप्त निर्देशनहरू पालन गर्ने गराउने,

(१०) सामुदायिक अध्ययन केन्द्रका कार्यक्रमहरूको प्रचार प्रसार गर्ने

(११) सामुदायिक अध्ययन केन्द्रको सम्पत्तिको जिम्मा लिने र सम्पत्तिको सुरक्षा गर्ने,

(१२) सामुदायिक अध्ययन केन्द्रसम्बन्धी विषयमा, कार्यक्रमहरूको सम्पादन/कार्यान्वयन सम्बन्धी विषयमा, सामुदायिक अध्ययन केन्द्रको व्यवस्थापन समितिको बैठकमा जानकारी गराउने,

(१३) सामुदायिक अध्ययन केन्द्रमा भैपरी आउने विविध कार्यहरू सम्पादन गर्ने गराउने ।

## परिच्छेद - ७

## अनुगमन एवम् मूल्याङ्कनसम्बन्धी

**(३०) निरीक्षण र अनुगमनसम्बन्धी व्यवस्था :**

सामुदायिक अध्ययन केन्द्रको निरीक्षण तथा अनुगमन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(१) राष्ट्रिय स्तरमा शिक्षा मन्त्रालय, शिक्षा विभाग, अनौपचारिक शिक्षा केन्द्र, क्षेत्रीय स्तरमा क्षेत्रीय शिक्षा निर्देशनालय र जिल्लास्तरमा जिल्ला शिक्षा कार्यालयले आ-आफ्नो कार्य क्षेत्रभित्र सञ्चालित सामुदायिक अध्ययन केन्द्रहरूको निरीक्षण तथा अनुगमन गर्ने छन् ।

(२) जिल्ला विकास समिति, गाउँ विकास समिति वा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सामुदायिक अध्ययन केन्द्रको कार्यक्रमको निरीक्षण र अनुगमन गर्ने छन् ।

(३) सामुदायिक अध्ययन केन्द्र व्यवस्थापन समितिले नियमितरूपमा कार्यक्रमको अनुगमन र निरीक्षण गर्ने छ ।

(४) दाता सङ्घ संस्थाहरूले आफ्नो सहयोगमा सञ्चालन भएका कार्यक्रमहरूको निरीक्षण र अनुगमन गर्ने छन् ।

(५) कुनै क्षेत्रबाट भएको निरीक्षण अनुगमनको प्रतिवेदन निरीक्षण अनुगमन गर्ने व्यक्ति वा संस्थाले आ-आफ्नो कार्यालय र एक तह माथिको कार्यालयमा अनिवार्य रूपमा पठाउनु पर्ने छ ।

## परिच्छेद - ८

## कोषसम्बन्धी व्यवस्था

**(३१) सामुदायिक अध्ययन केन्द्रको कोष**

सामुदायिक अध्ययन केन्द्रको नाममा एउटा कोष रहनेछ र उक्त कोषमा निम्नानुसारको रकम जम्मा गरिने छ :

(१) नेपाल सरकारबाट प्राप्त हुने अनुदान,

(२) स्थानीय निकायहरूबाट प्राप्त रकम,

(३) दानदातव्य र चन्दाबाट प्राप्त रकम,

(४) सामुदायिक अध्ययन केन्द्रको सदस्यता बापत प्राप्त रकम, सो सदस्यता नवीकरण गर्दा प्राप्त हुने रकम,

(५) चल अचल सम्पति बिक्रीबाट प्राप्त रकम,

(६) केन्द्रको नाममा जम्मा भएको बचत रकमबाट प्राप्त व्याज रकम,

(७) दातृ संस्था, समुदायबाट प्राप्त रकम,

(८) केन्द्रले सञ्चालन गरेको आयमूलक कार्यक्रमबाट प्राप्त हुने रकम,

(९) अन्य विविध स्रोतबाट प्राप्त हुने रकम,

तर विदेशी राष्ट्र वा दातृ संस्थाबाट दान, दातव्य र अनुदानको रकम प्राप्त गर्दा शिक्षा मन्त्रालयको सिफारिसमा नेपाल सरकारको स्वीकृतिमा मात्र प्राप्त गर्न सकिने छ ।

**(३२) सामुदायिक अध्ययन केन्द्रको कोष परिचालन :**

कोषको परिचालन सामुदायिक अध्ययन केन्द्रको उद्देश्यभित्र रही सामुदायिक अध्ययन केन्द्र व्यवस्थापन समितिले निर्णय गरे बमोजिम हुने छ ।

**(३३) सामुदायिक अध्ययन केन्द्रको बैङ्क खाता सञ्चालन :**

सामुदायिक अध्ययन केन्द्रको बैङ्क खाता सञ्चालन व्यवस्थापन समितिको अध्यक्ष र सामुदायिक अध्ययन केन्द्रको परिचालकको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । खाता सञ्चालन गर्न सामुदायिक अध्ययन केन्द्र व्यवस्थापन समितिको अनुरोधमा जिल्ला शिक्षा कार्यालयले सिफारिस गर्ने छ ।

♣(३४)..............................................

♦(३५) प्रत्येक वर्ष सामुदायिक अध्ययन केन्द्रले स्वीकृत लेखापरीक्षकबाट आफ्नो आय व्ययको लेखा परीक्षण गरी सोको प्रतिवेदन सम्बन्धित निकायहरूमा पठाउनु पर्ने छ ।

(३६) **आय व्ययको विवरण सार्वजनिक गर्नुपर्ने :**

सामुदायिक अध्ययन केन्द्रले आफ्नो आय व्यय विवरणको अद्यावधिक अभिलेख कायम राखी त्यसलाई सार्वजनिक सूचना पाटीमा सबैले देख्ने गरी टाँस्नु पर्ने छ।

**(३७) सामुदायिक अध्ययन केन्द्रले सहकारी कार्यक्रम सञ्चालन गर्न सक्ने :**

सामुदायिक अध्ययन केन्द्रको आफ्नो दिगोपनाको लागि र सदस्यहरू एवम् लक्षित वर्गको आय आर्जनमा सहयोग पुऱ्याउने उद्देश्यबाट देहायबमोजिमको सहकारी कार्यक्रम सञ्चालन गर्न सक्ने छ :

(१) सामुदायिक अध्ययन केन्द्रले सञ्चालन गरेको/गर्ने सहकारी कार्यक्रम प्रचलित कानुनबमोजिम अधिकार प्राप्त सहकारी कार्यालय वा निकाय समक्ष दर्ता गराउनु पर्ने छ ।

---

♣ पहिलो संशोधन २०७० बाट हटाइएको

♦ पहिलो संशोधन २०७० बाट संशोधित

(२) खण्ड (१) बमोजिम सञ्चालन गरिने सहकारी कार्यक्रममा सामुदायिक अध्ययन केन्द्र व्यवस्थापन समितिका सदस्यहरू, लेखा समितिका सदस्यहरू, केन्द्रलाई सहयोग पुऱ्याइरहेको सङ्घ संस्थाहरू, सामुदायिक अध्ययन केन्द्रका सदस्यहरूसमेत कम्तीमा २५ जना सदस्यहरू सेयर धनी सदस्यको रूपमा रहने छन् ।

(३) सहकारी कार्यक्रमको शेयर सदस्यहरूको साधारण सभा सामुदायिक अध्ययन केन्द्रको सल्लाहकार सभा मानिनेछ । यसले सामुदायिक अध्ययन केन्द्रको विकास कार्यको लागि विभिन्न सल्लाह दिन सक्ने छ ।

(४) सामुदायिक अध्ययन केन्द्रको कोषमा भएको रकममध्येबाट यस निर्देशिका बमोजिम सञ्चालित सहकारी कार्यक्रममा सेयरको रूपमा लगानी गर्न सकिने छ ।

(५) सामुदायिक अध्ययन केन्द्रले सञ्चालन गर्ने/गरेको सहकारीको परिचालन सहकारीसम्बन्धी प्रचलित कानुन अनुसार हुनेछ ।

(६) प्रचलित सहकारी सम्बन्धी कानुनको प्रतिकूल नहुने गरी सामुदायिक अध्ययन केन्द्र व्यवस्थापन समितिका सदस्यहरू र व्यावसायिक समूहका सदस्यहरूलाई यथावत कायम राखी नपुग थप सदस्य मात्र सहकारी कार्यक्रमको कार्य समितिमा सहकारीका सेयरहोल्डरहरूले छान्नु पर्ने छ ।

## परिच्छेद - ९

## सहकार्य तथा साझेदारीसम्बन्धी व्यवस्था

**(३८) सहकार्य गर्दा सम्झौता गर्नुपर्ने :**

कुनै सामुदायिक अध्ययन केन्द्रसँग कार्यक्रम साझेदार र सहयोगी संस्थाका रूपमा कार्य गर्न चाहने संस्थाले दुई पक्षबीच प्रचलित कानुनको परिधिभित्र रही यस निर्देशिकामा लेखिएबमोजिमका व्यहोरा खोली सम्झौताका आधारमा काम गर्न सक्ने छ । तर सहभागी संस्था सामुदायिक भएको अवस्थामा सम्झौता नगरीकन पनि सहकार्य गर्न सकिनेछ । सहकार्य गर्न इच्छुक संस्था, समूह, समिति आदिले देहायबमोजिमको व्यहोरा खोली सम्बन्धित जिल्ला शिक्षा कार्यालय वा सामुदायिक अध्ययन केन्द्र समक्ष निवेदन पेस गर्नु पर्ने छ ।

(१) सहयात्रीको रूपमा कार्य गर्न खोजेको कार्यक्रम

(२) आफूले परिचालन गर्ने स्रोत, साधन र सहयोग

(३) सम्बन्धित संस्था (सामुदायिक अध्ययन केन्द्र) सँग अपेक्षा गरिएको स्रोत र सहयोग

(४) अपेक्षित उपलब्धि

(५) अनुगमन मूल्याङ्कनको ढाँचा

(६) सामुदायिक अध्ययन केन्द्रको व्यवस्थापन समितिले प्राप्त प्रस्तावको अध्ययन गरी प्रतिफल युक्त हुने देखिएमा सहकार्य गर्न सक्ने छ ।

## परिच्छेद - १०

## विविध

**(३९) प्रतिवेदन पेस गर्नु पर्ने :**

सामुदायिक अध्ययन केन्द्रले आफ्नो कार्यक्रमलगायत विभिन्न व्यवसायिक, पेसागत, अन्य समूह समितिका कार्यक्रमको समेत चौमासिक प्रतिवेदन सम्बन्धित जिल्ला शिक्षा कार्यालय र कार्यक्रम साझेदार संस्था, सम्बन्धित स्थानीय निकाय एवम् अनौपचारिक शिक्षा केन्द्रमा पठाउनु पर्ने छ ।

♣(४०)............................................

♦(४१) **सामुदायिक अध्ययन केन्द्र समुदायकै अङ्ग रहने :**

नेपाल सरकारको अनुदान प्राप्त हुने सामुदायिक अध्ययन केन्द्रको सम्पूर्ण व्यवस्थापकीय जिम्मेवारी यस निर्देशिकाको अधीनमा रही समुदाय कै हुने छ । समुदायले सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सहयोगमा सामुदायिक अध्ययन केन्द्र सञ्चालन गर्नु पर्नेछ । प्रचलित ऐन नियमको अधीनमा रही समुदायले अन्य सरकारी एवम् गैह्रसरकारी संस्थाको सहयोग प्राप्त गर्न सक्नेछ । समुदायको हितमा कार्य गर्न स्वशासित, सङ्गठित अविच्छिन्न उत्तराधिकारवाला सामुदायिक संस्थाको रूपमा सामुदायिक अध्ययन केन्द्रले कार्य गर्नेछ । सम्बन्धित जिल्ला शिक्षा कार्यालय एवम् अन्य सरकारी गैर सरकारी सङ्घ संस्था स्थानीय निकाय आदिले नेपाल सरकारको नीति निर्देशन बमोजिम भौतिक र प्राविधिक सहयोग गर्ने छन् ।

---

♣ पहिलो संशोधन २०७० बाट हटाइएको

♦ पहिलो संशोधन २०७० बाट संशोधित

♦ **४२ सामुदायिक अध्ययन केन्द्र सम्बन्धी थप व्यवस्था :**

(क) सामुदायिक अध्ययन केन्द्र व्यवस्थापन समितिको अध्यक्ष र सदस्यका लागि योग्यता:

(अ) नेपाली नागरिक

(आ) २५ वर्ष उमेर पूरा भएको

(इ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको

(ख) सामुदायिक अध्ययन केन्द्र व्यवस्थापन समितिलाई विघटन गर्न सकिने:

देहायको अवस्थामा जिल्ला अनौपचारिक शिक्षा समितिले सामुदायिक अध्ययन केन्द्र व्यवस्थापन समितिलाई विघटन गर्न सक्ने छ -

(अ) सामुदायिक अध्ययन केन्द्रको सम्पत्ति हिनामिना गरेमा

(आ) समुदायको शैक्षिक, सांस्कृतिक एवम् सामाजिक वातावरण खलल पुग्ने काम गरेमा

(इ) नेपाल सरकारको नीति नियम विपरीत काम गरेमा

(ई) सामुदायिक अध्ययन केन्द्रको व्यवस्थापन सन्तोष जनक रूपमा गर्न नसकेमा

(उ) लगातार दुई वर्षसम्म सामुदायिक अध्ययन केन्द्रको नवीकरण नगराएमा

तर त्यसरी विघटन गर्नु अघि सामुदायिक अध्ययन केन्द्र व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेस गर्ने मनासिब मौकाबाट बञ्चित गरिने छैन । व्यवस्थापन समिति विघटन भएको अवस्थामा जिल्ला शिक्षा कार्यालयले उक्त सामुदायिक अध्ययन केन्द्रको क्षेत्रभित्रको उच्चतम

विद्यालयको प्रधानाध्यापकको संयोजकत्वमा सामुदायिक अध्ययन केन्द्रको साधारण सदस्यहरूमध्ये एक जना महिला पर्ने गरी ३ जना र सम्बन्धित क्षेत्रको स्रोत व्यक्तिसमेत सदस्य रहने गरी ५ सदस्यीय गठित समितिले सामुदायिक अध्ययन केन्द्रको व्यवस्थापन समिति गठनको प्रक्रिया पूरा गरी नयाँ व्यवस्थापन समिति गठन गर्ने छ ।

(ग) सामुदायिक अध्ययन केन्द्र व्यवस्थापन समितिका सदस्य र अध्यक्षहरूको राजिनामासम्बन्धी व्यवस्था : सामुदायिक अध्ययन केन्द्र व्यवस्थापन समितिको अध्यक्षको राजिनामा व्यवस्थापन समितिले र सदस्यहरूको राजीनामा अध्यक्षले स्वीकृत गर्न सक्नेछन् । राजिनामा स्वीकृत भई रिक्त हुन आएको पदमा निर्देशिका बमोजिम नै पदपूर्ति गरिने छ ।

(घ) सामुदायिक अध्ययन केन्द्र व्यवस्थापन समितिको बैठकसम्बन्धी कार्यविधि र पदावधि :

(अ) सामुदायिक अध्ययन केन्द्र व्यवस्थापन समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्ने छ ।

(आ) व्यवस्थापन समितिको बैठकसम्बन्धी अन्य कार्यविधि व्यवस्थापन समिति आफैले निर्धारण गरेबमोजिम हुने छ ।

♦४३. **व्यवस्थापन समितिको पदावधिको गणना: व्यवस्थापन समितिको पदावधिको गणना यो निर्देशिका जारी भएको मितिदेखि हुने छ ।**

♦४४. **अनुसूचीमा संशोधनः अनौपचारिक शिक्षा केन्द्रले मूल निर्देशिकाको अनुसूचीहरूमा आवश्यक परिमार्जन र सुधार गर्ने सक्ने छ ।**

---

♦ पहिलो संशोधन २०७० बाट संशोधित

## अनुसूची - १

### सामुदायिक अध्ययन केन्द्र खोल्न दिइने निवेदन पत्रको ढाँचा

विषयः सामुदायिक अध्ययन केन्द्र सञ्चालन सम्बन्धमा ।

श्री जिल्ला शिक्षा कार्यालय ,

.................................।

उपर्युक्त सम्बन्धमा .................. जिल्ला ...............गा.वि.स./न.पा./ वडा नं. ......................... मा हाल सम्म सामुदायिक अध्ययन केन्द्र स्थापना नभएकोले नयाँ सामुदायिक अध्ययन केन्द्र खोल्ने स्वीकृतिका लागि देहायका विवरणहरू खुलाइ निवेदन गर्दछौँ ।

(क) सामुदायिक अध्ययन केन्द्रको

नाम :

ठेगाना :

(ख) भौतिक अवस्था

१. भवन

२. कोठा

३. फर्निचर

४. शौचालय

५. खानेपानीको व्यवस्था

(ग) आर्थिक विवरण

आम्दानीका स्रोतहरू (सम्भाव्य)

निवेदन साथ देहायका कागजातहरू पेस गर्नुपर्ने छ :

- तीनप्रति विधान संलग्न गर्नुपर्ने छ ।
- गाउँ विकास समिति र नगरपालिका क्षेत्रमा बसोबास गर्ने नागरिक समाजका वरिष्टतम् सदस्य, सम्बन्धित गाउँ विकास समितिको सचिव र नगरपालिकाको वडा सचिव, सङ्घ संस्थाका प्रतिनिधि एवम्  स्थानीय सेवा केन्द्रका प्रमुखहरू, महिला, जनजाति, दलित, पिछडिएका वर्ग र समूहको समेत प्रतिनिधित्व भएको एक भेलाले सामुदायिक अध्ययन केन्द्र स्थापना गर्न गरेको निर्णयको एक प्रति प्रतिलिपि र सम्वन्धित गाविस वा नपाको सिफारिस संलग्न गर्नुपर्ने छ ।

.......................................

अध्यक्ष

सामुदायिक अध्ययन केन्द्र व्यवस्थापन समिति(तदर्थ)

## अनुसूची - २

## विधानको नमुना

**.....................सामुदायिक अध्ययन केन्द्रको विधान २०............**

प्रस्तावना : शिक्षाको अवसरबाट बञ्चित भएका गरिबीको चपेटामा परेका समुदायको विभिन्न व्यक्तिहरूका आवश्यकतामा आधारित साक्षरता शिक्षा, निरन्तर शिक्षा, पुस्तकालय सञ्चालन, सीप विकास एवम् आवश्यक कार्यक्रम लगायत समुदायको आवश्यकतामा आधारित कार्यक्रमहरू निर्माण गरी कार्यान्वयन गर्ने उद्देश्यले यो सामुदायिक अध्ययन केन्द्रको स्थापना गरिएको हो ।

**परिच्छेद - १**

१. संक्षिप्त नाम र प्रारम्भः

२. कार्यक्षेत्रः

३. परिभाषाः

४. छाप, झन्डा र कार्यालय

**परिच्छेद -२**

५. केन्द्रका उद्देश्यहरू

६. केन्द्रका कार्यहरू

**परिच्छेद - ३**

७. सदस्यताको योग्यता

८. सदस्यताको प्रकार

९. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि

(क) साधारण सदस्यता

(ख) आजीवन सदस्यता

(ग) पदेन सदस्यता

(घ) मानार्थ सदस्यता

१०. सदस्यताका लागि अयोग्यता

**परिच्छेद - ४**

११. साधारण सभाको अधिवेशन

१२. साधारण सभाको काम, कर्तव्य र अधिकार

१३. व्यवस्थापन समितिको गठन

१४. व्यवस्थापन समितिमा नियुक्ति र बहाल रहन नसक्ने अवस्था

१५. व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

१६. कार्य समिति

**परिच्छेद - ५**

१७. पदाधिकारीहरूको काम कर्तव्य र अधिकार

(क) अध्यक्ष

(ख) उपाध्यक्ष

(ग) सचिव

(घ) सदस्य

(ङ) समुदाय परिचालक

**परिच्छेद - ६**

१८. सल्लाहकार समिति

१९. समूहहरू र उपसमितिहरू
२०. आर्थिक उप-समितिहरू र काम, कर्तव्य र अधिकार
**परिच्छेद - ७**
२१. आर्थिक व्यवस्था
२२. आर्थिक स्रोतहरू
२३. चल-अचल सम्पत्तिको विवरण
२४. कोष
२५. लेखा परीक्षण/आर्थिक विवरण
**परिच्छेद - ८**
२६. निर्वाचनसम्बन्धी व्यवस्था
२७. उम्मेदवार हुन अयोग्यता
२८. विघटन एवम् सम्पत्तिसम्बन्धी व्यवस्था
**परिच्छेद - ९**
विविध
२९. अविश्वास प्रस्ताव
३०. विधान संशोधन
३१. विनियमको निर्माण
३२. समिति विघटन
३३. कानुनसँग बाझिएमा
३४. निर्देशनको पालन
३५. व्यवस्थापन समिति, सल्लाहकार समिति र विषयगत

समितिका पदाधिकारीहरूको नामावली

अनुसूची - ३

सामुदायिक अध्ययन केन्द्रको स्वीकृती पत्रको ढाँचा

असिके साअके दर्ता नं
.....................

नेपाल सरकार

शिक्षा मन्त्रालय

अनौपचारिक शिक्षा केन्द्र

सानोठिमी भक्तपुर

# प्रमाण–पत्र

सामुदायिक अध्ययन केन्द्र सञ्चालन एवम् व्यवस्थापन निर्देशिका २०६२ (पहिलो संशोधन २०७०, समेत) बमोजिम ...............जिल्ला ....................गाविस/नपा वडा नं ...... मा स्थीत श्री .......................................सामुदायिक अध्ययन केन्द्रलाई यस केन्द्रको मिति...............................को निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ।

प्रमाणपत्र प्रदान गर्ने अधिकारी

दस्तखत :

नाम :

पद :

**अनुसूची ४**

**......................सामुदायिक अध्ययन केन्द्र .........................**

**२० ............**

**घरधुरी सर्वेक्षण फाराम**

१. गा.वि.स. / न.पा. वडा : टोल :

ब्लक नं. : जिल्ला :

२. घरमुलीको पूरा नाम थर :............................. पेसा : [ ]

लिङ्ग : [ ] धर्म : [ ] भाषा : [ ]

३. परिवार विवरण :

| **क्र.सं.** | **परिवार सदस्यहरूको नामथर** | **उमेर** | **लिङ्ग** | | **६ वर्ष माथिका निरक्षर सदस्य** | **पेसा** |
|---|---|---|---|---|---|---|
| | | | महिला / केटी | पुरुष /केटा | | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |

४. घरबाट नजिकको विद्यालयसम्म पैदल हिडेर पुग्न लाग्ने समय :

(क) ३० मिनेट भन्दा कम समय (ख) ३०-४५ मिनेट

(ग) ४५ मिनेट देखि १ घण्टा (घ) १ घण्टा भन्दा बढी

५. विद्यालय जादै नगएका ६-१४ वर्ष समूहका

बालक [ ]

बालिका [ ]

जम्मा [ ]

६. बीचैमा विद्यालय छाड्ने ६-१४ वर्षका बालबालिका

बालक [ ]

बालिका [ ]

जम्मा [ ]

| |
|---|
| द्रष्टव्य :<br>उत्तम : परिवारको आम्दानीले वर्षभरि खान लाउन पुगी केही आय सञ्चय गर्न सक्षम परिवार<br>मध्यम : परिवारको आम्दानीले साधारण वर्षभरि खान लाउन मात्र पुग्ने<br>निम्न : परिवारको आम्दानीले ६ महिना मात्र खान लाउन पुग्ने<br>अति निम्न : परिवारको आम्दानीले ६ महिनाभन्दा कम खान लाउन पुग्ने । |

यदि परिवारमा कोही अपाङ्ग सदस्य भएमा कैफियतमा अपाङ्गताको स्थिति र किसिम खुलाउने ।

७. तपाईको परिवारमा आय आर्जनको लागि गरिने अन्य कामहरू के के हुन् ? लेख्नुहोस् ।

परिवारको जम्मा वार्षिक अनुमानित आय ......... जम्मा वार्षिक अनुमानित खर्च ........

८. घरको विवरण : कच्ची ....... ओटा पक्की ..........ओटा जम्मा .......... ओटा

९. भौतिक सुविधासम्बन्धी विवरण : रेजा चिन्ह (✓) लगाउनुहोस्

१. चर्पी : घरमै [ ] सार्वजनिक [ ] खुला [ ]

२. धारा/खानेपानीको स्रोत : घरमै [ ] छिमेकमा [ ]
२० मिनेटभन्दा टाढा [ ]

३. ढल निकास : छ [ ] छैन [ ]

४. घरमा जाने बाटो : गोरेटो [ ] मोटर जाने [ ]
कच्ची बाटो [ ] पिच बाटो [ ]

५. यातायातको सुविधा :

नियमित बस सेवा ट्याक्सी [ ] बस कहिलेकाहीँ मात्र जाने [ ]

बसको सुविधा नभएको [ ]

१०. परिवारमा भएको टेलिफोन, टि.भी., रेफ्रिजेरेटर, रेडियो आदि विवरण लेख्नुहोस् ।

११. पशुधनको विवरण (सङ्ख्या उल्लेख गर्ने)

१. गाई [ ] २. भैसी [ ] ३. गोरु [ ]

४. बाख्रा [ ]

५. सुँगुर [ ] ६. कुखुरा [ ] ७. हाँस [ ]

८. अन्य [ ]

१२. अन्तर्वार्ता दिनेको नाम :

१३. अन्तर्वार्ताकारको नाम :

१४.  अन्य आवश्यक भएमा लेख्ने :

## अनुसूची–५
## घरधुरी सर्वेक्षण सारांश फाराम

**क)  जनसङ्ख्या**

| वडा नं. | ०-५ वर्ष | | | ६-१४ वर्ष | | | १५-४५ वर्ष | | | ४६-६० वर्ष | | | ६० वर्ष माथि | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | म. | पु. | ज. | म. | पु. | ज. | म. | पु. | ज. | म. | पु. | ज. | म. | पु. | ज. | म. | पु. | ज. |
| १ | | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | | | | | |

**ख)  साक्षरता /निरक्षरताको स्थिति**

| **विवरण** | **साक्षर सङ्ख्या** | | | **निरक्षर सङ्ख्या** | | |
|---|---|---|---|---|---|---|
| | **म.** | **पु.** | **ज.** | **म.** | **पु.** | **ज.** |
| क) ६ वर्ष माथिकोसङ्ख्या | | | | | | |
| ख) १५ वर्ष देखि ४५ वर्षसम्मका सङ्ख्या | | | | | | |
| ग) ६-१४ वर्ष उमेरका विद्यालय जाँदै नगएका बालबालिकाको सङ्ख्या | | | | | | |
| घ) ६-१४ वर्ष उमेर समूहका बीचैमा विद्यालय छाड्नेको सङ्ख्या | | | | | | |
| ङ) ४६ वर्ष देखि ६० वर्ष सम्मका सङ्ख्या | | | | | | |

द्रष्टव्य : म = महिला, पु. = पुरुष, ज = जम्मा

**ग)** **आर्थिक स्थिति**

| वडा नं. | घरधुरीको सङ्ख्या | | | |
|---|---|---|---|---|
| | उत्तम | मध्यम | निम्न | अति निम्न |
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |
| ७. | | | | |
| ८. | | | | |
| ९. | | | | |
| जम्मा | | | | |

# अनुसूची - ६

## समुदायसम्बन्धी विवरण सङ्कलन फाराम

## समुदायमा भएका सामाजिक र सांस्कृतिक सम्पदा तथा अन्य विवरण

१. सङ्घसंस्था/निकाय सम्बन्धी विवरण :

| क्र.सं. | विवरण | सङ्ख्या | अवस्था | संस्था रहेको ठेगाना |
|---|---|---|---|---|
| १. | विद्यालय | | | |
| २. | स्वास्थ्य चौकी | | | |
| ३. | कृषि शाखा | | | |
| ४. | खानेपानी | | | |
| ५. | विद्युत | | | |
| ६. | उद्योग | | | |
| ७. | बैङ्क/सरकारी | | | |
| ८. | गैर सरकारी संस्था | | | |
| ९. | अन्य | | | |

२. समुदायमा भएका ऐतिहासिक सांस्कृतिक सम्पदाहरू :

| क्र.सं. | विवरण | सङ्ख्या | अवस्था | संस्था रहेको ठेगाना |
|---|---|---|---|---|
| १. | मन्दिर/मस्जिद/चर्च | | | |
| २. | मठ | | | |
| ३. | बिहार | | | |
| ४. | पोखरी | | | |
| ५. | पाटी/पौवा | | | |
| ६. | कुवा | | | |
| ७. | सार्वजनिक मैदान | | | |
| ८. | वन | | | |
| ९. | अन्य | | | |

३. समुदायमा मनाइने मुख्य मुख्य चाडपर्वहरू के के हुन् ?

.....................................................................................

.....................................................................................

४. अन्य कुरा :

## अनुसूची - ७

## सामुदायिक अध्ययन केन्द्रको नाम ...............................

## आर्थिक वर्ष ............................

### आम्दानीको विवरण

| सि.नं. | शीर्षकगत | गत आ.व.को बचत रकम | यस आ.व.को लागि प्रस्तावित रकम | जम्मा रकम |
|---|---|---|---|---|
| १. | सदस्यता शुल्क | | | |
| २. | चन्दा सहयोग | | | |
| ३. | सरकारी निकायबाट प्राप्त अनुदान सहयोग | | | |
| ४. | गैर सरकारी संस्थाबाट प्राप्त अनुदान सहयोग | | | |
| ५. | स्थानीय निकाय ( गा.वि.स., न.पा.) बाट प्राप्त अनुदान | | | |
| ६. | स्थानीय मन्दिर, पोखरी, हाट बजारबाट प्राप्त रकम | | | |
| ७. | अन्य ................ | | | |
| ८. | जम्मा | | | |

...............................                                  ...........................

तयार गर्ने                                  प्रमाणित गर्ने अध्यक्ष

**अनुसूची - ८**
**सामुदायिक अध्ययन केन्द्रको नाम**
**आर्थिक वर्ष .....................**
**खर्च बजेट**

| क्र.स. | शीर्षक | गत आर्थिक वर्षको खर्च | यो आर्थिक वर्षको लागि प्रस्तावित रकम |
|---|---|---|---|
| क) | तलब भत्ता खर्च :<br>१. तलब<br>२. भत्ता<br>३. दैनिक भ्रमण भत्ता | | |
| ख) | कार्यालय सञ्चालन खर्च<br>४. घरभाडा<br>५. धारा, टेलिफोन, बिजुली महसुल<br>६. पत्र पत्रिका<br>७. मसलन्द सामान<br>८. यातायात इन्धन<br>९. हुलाक<br>१०. सेवामूलक कार्य<br>११. भैपरी | | |
| ग) | पुँजीगत खर्च :<br>१२. खप्ने सामान :<br>१३.१ फर्निचर खरिद<br>१३.२ कम्प्युटर खरिद | | |
| | १३. कार्यक्रम सञ्चालन खर्च | | |
| घ)<br><br><br>ङ) | १४.१ साक्षरता कक्षा<br>१४.२ साक्षरोत्तर कक्षा सञ्चालन<br>१४.३ बचत तथा ऋण समूह कार्यक्रम<br>अन्य ........................<br>जम्मा | | |

## अनुसूची - ९
## सामुदायिक अध्ययन केन्द्रको योजना निर्माणसम्बन्धी नमुना फाराम

सामुदायिक अध्ययन केन्द्रको नाम र ठेगाना :
आर्थिक वर्ष .....................

| क्र.सं. | कार्यक्रमको विवरण | लक्ष्य सङ्ख्या/कोटा | अनुमानित बजेट | बजेट स्रोत | कार्यक्रम सञ्चालन हुने समय/ठाउँ | जिम्मेवार व्यक्ति/समूह | अनुगमन सूचक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

..............................  ...........................

तयार गर्ने  प्रमाणित गर्ने अध्यक्ष

## अनुसूची १०
## सामुदायिक अध्ययन केन्द्रको प्रगति प्रतिवेदन फारामको नमुना

सामुदायिक अध्ययन केन्द्रको नाम र ठेगाना :
आर्थिक वर्ष
मासिक/चौमासिक/वार्षिक प्रगति प्रतिवेदन

| क्र.स. | क्रियाकलाप | लक्ष्य | बजेट | कार्यान्वयन अवस्था | | प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | भौतिक | बित्तीय | | |
| | | | | | | | |

..............................  ...........................

तयार गर्ने  प्रमाणित गर्ने अध्यक्ष

## अनुसूची ११

### सामुदायिक अध्ययन केन्द्र स्थापनासम्बन्धी आवश्यक प्रक्रिया र कागजातहरू

| चरण | के गर्ने | कसले गर्ने |
|---|---|---|
| १. | स्थानीय जनसमुदाय, शिक्षक, राजनीतिककर्मी, समाजसेवी, जनप्रतिनिधि, सबैको सामूहिक भेला बैठक आयोजना गरी सामुदायिक अध्ययन केन्द्रका बारेमा विस्तृत जानकारी गराउन सम्बन्धित गा.वि.स/न.पा. क्षेत्रको सकेसम्म सबैलाई पायक पर्ने स्थानमा भेला गरी छलफल गर्ने | जिल्ला शिक्षा कार्यालय र गा.वि.स. |
| २. | सामुदायिक अध्ययन केन्द्र स्थापना सम्बन्धी कार्य अगाडि बढाउन ९ जनाको तदर्थ व्यवस्थापन समितिको गठन गरी चरण एक बमोजिमको भेलाबाट अनुमोदन गराउने | स्थानिय समुदाय |
| ३. | सम्बन्धित गा.वि.स. तथा नगरपालिकाबाट सामुदायिक अध्ययन केन्द्रलाई सहयोग गर्ने प्रतिवद्धतासहितको सिफारिस पत्र प्राप्त गर्ने । | तदर्थ समिति |
| ४. | सामुदायिक अध्ययन केन्द्र सञ्चालन एव व्यवस्थापनसम्बन्धी निर्देशिकाको प्रतिकूल नहुने गरी सा.अ.के. को विधान तयार गर्ने र स्थानीय समुदायबाटै अनुमोदन गर्ने । | ,, ,, |
| ५. | चरण तीन र चार बमोजिमको सिफारिसपत्र विधान तथा निर्णयको छाया प्रति संलग्न गरी सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा सामुदायिक अध्ययन केन्द्र खोल्ने अनुमतिका लागि निवेदन पेस गर्ने | ,, ,, |

| चरण | के गर्ने | कसले गर्ने |
|---|---|---|
| ६. | सामुदायिक अध्ययन केन्द्र सञ्चालन हुन सक्ने वा नसक्ने सम्बन्धमा स्थलगत निरीक्षण प्रतिवेदनका आधारमा जिल्ला अनौपचारिक शिक्षा समितिबाट निर्णय गराइ सोको प्रतिलिपि सहित चरण पाँचबमोजिमका कागजात संलग्न राखी सिफारिससहित अनौपचारिक शिक्षा केन्द्रमा पठाउने । | जिल्ला शिक्षा कार्यालय |
| ७. | सम्पूर्ण कागजात अध्ययन गरी सामुदायिक अध्ययन केन्द्र सञ्चालनार्थ स्वीकृति दिनेछ । | अनौपचारिक शिक्षा केन्द्र |
| ८. | सामुदायिक अध्ययन केन्द्र सञ्चालनार्थ स्वीकृति दिएको व्यहोरा सम्बन्धित केन्द्र तथा जिल्लालाई जानकारी गराउने । | अनौपचारिक शिक्षा केन्द्र/ जिल्ला शिक्षा कार्यालय |
| ९. | सा.अ.केन्द्र सञ्चालनको स्वीकृतिको जानकारी प्राप्त हुनासाथ साधारण सभा गरी सामुदायिक अध्ययन केन्द्र सञ्चालन एवम् व्यवस्थापनसम्बन्धी निर्देशिका बमोजिम सामुदायिक अध्ययन केन्द्र व्यवस्थापन समिति गठन गर्ने । | जिल्ला शिक्षा कार्यालय/सामुदायिक अध्ययन केन्द्र |
| १०. | चरण नौ बमोजिम गठित समितिको विवरण जिल्ला शिक्षा कार्यालय मा पठाउने । | सामुदायिक अध्ययन केन्द्र व्यवस्थापन समिति |
| ११. | सामुदायिक अध्ययन केन्द्र सञ्चालन एवम् व्यवस्थापनसम्बन्धी निर्देशिकाको प्रतिकूल नहुने गरी सामुदायिक अध्ययन केन्द्र को दैनिक कार्य सञ्चालनार्थ परिचालक नियुक्त गर्ने र सोको विवरण जिल्ला शिक्षा कार्यालयमा पठाउने । | सामुदायिक अध्ययन केन्द्र |

अनुसूची – १२

# सामुदायिक अध्ययन केन्द्र मूल्याङ्कन फाराम

## सामुदायिक अध्ययन केन्द्रको नाम ठेगाना

.........................

| सूचकहरू | अङ्क भार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|
| आफ्नै भवन, भाडामा वा सामुदायिक भवनमा कार्यालय सञ्चालन | ३ | | आफ्नो भवन भए ३ , सामुदायिक भवनमा भए २ र भाडामा भए १ |
| कार्यालय १० देखि ४ बजेसम्म सञ्चालन | ३ | | ६ घण्टा खुले ३,४ घण्टा खुले २ र २ घण्टा खुले १ सो भन्दा कम भए ० |
| वार्षिक कार्ययोजना बनाएको | २ | | विगत र चालु वर्षको कार्य योजना भए २, चालु वर्षको भए १,नभए ० |
| वार्षिक प्रगति | २ | | विगत र चालु वर्षको |

| सूचकहरू | अङ्क भार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|
| प्रतिवेदन बनाई सम्बन्धित निकायमा पेस गरेको | | | प्रगति भए २ , चालु वर्षको भए १, नभए ० |
| वार्षिक आम्दानी र खर्च | ३ | | वार्षिक आम्दानी ५ लाखभन्दा बढी भएमा ३ ,३ देखि ५ लाखसम्म भएमा २, १ देखि ३ लाखसम्म भएमा १ |
| क्षेत्रगतरूपमा कार्यक्रम सञ्चाल | ४ | | शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, वातावरण, बालबालिका आदिका क्षेत्रमा काम गरेकोमा प्रति क्षेत्र १ अङ्कका दरले बढीमा४ अङ्क |
| नियमित व्यवस्थापन समितिको बैठक | ६ | | वर्षभरिमा प्रति बैठक १ अङ्कका दरले |

| सूचकहरू | अङ्क भार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|
| | | | बढीमा ६ अङ्क |
| साक्षरता सम्बन्धि तथ्याङ्क सङ्कलन र अद्यावधिक | ६ | | १५ वर्ष माथिका साक्षर र निरक्षरहरू तथा १५ वर्षमुनिका विद्यालय जाने र नजाने बालबालिकाहरूको तथ्याङ्क सङ्कलन र अद्यावधिक गरेको भए ३, ३ अङ्कको दले बढीमा अङ्क ६ |
| स्थानीय स्रोतको परिचालन | २ | | स्थानीय स्रोतको परिचालन गरेको भए २ अङ्क,(जनश्रमदान लगायत) |
| विभिन्न निकायहरूसँग समन्वय र वैठक | ४ | | विभिन्न निकायसँग बैठक बसी सहकार्य |

| सूचकहरू | अङ्क भार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|
| | | | गरेको भए प्रति बैठक १ अङ्कको दरले बढीमा ४ अङ्क |
| पेशागत समूह गठन | ५ | | कृषि,महिला,बचत तथा ऋण, युवा, बालबालिका जस्ता समूह गठन भएको भए प्रति समूह १ अङ्कका दरले बढीमा ५ अङ्क |
| साधारण सभाको नियमितता र सामुदायिक अध्ययन केन्द्रको नवीकरण | २ | | वर्षमा १ पटक साधारण सभा बसेको भए १ अङ्क र नवीकरण गरेको भए १ अङ्क |
| लेखापरीक्षण गराएको | २ | | विगत २ वर्षको लेखापरीक्षण गराएको |

| सूचकहरू | अङ्क भार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|
| | | | भए बढीमा २ अङ्क |
| सामुदायिक पुस्तकालयको स्थापना र प्रयोग | ३ | | सामुदायिक पुस्तकालयको स्थापना भई प्रयोगमा आएको भए बढीमा ३ अङ्क |
| सामुदायिक अध्ययन केन्द्रको प्रोफाइल तयार भई अद्यावधिक गर्ने गरेको | ३ | | सामुदायिक अध्ययन केन्द्रको प्रोफाइल तयार भएको भए २ र अद्यावधिक पनि गर्ने गरेको भए बढीमा १ अङ्क |
| **जम्मा** | **५०** | | |

...............................

............................

तयार गर्ने प्रमाणित गर्ने

व्यक्ति